र टेलिफोन सुविधा (दफा ७), सवारी, तथा इन्धन र सवारी मर्मत सुविधा (दफा ८), संचयकोष (दफा ९), स्वदेश/विदेश दैनिक तथा भ्रमण भत्ता (दफा १० र ११), बीमा खर्च (दफा १२), दैनिक तथा भ्रमण भत्ता सम्बन्धी अन्य सुविधाहरु (दफा १३), सहयोगी (दफा १३क.), चाडपर्व खर्च (दफा १४), पोषाक भत्ता, उपचार खर्च (दफा २७) र पारिश्रमिक तथा सुविधामा थप वा बृद्धि गर्न सक्ने (दफा ३४क.) प्रदेश सरकारबाट उपलब्ध गराइनेछ । पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी विवरण अनुसूची – १ मा उल्लेख भए बमोजिम हुनेछ । यो सुविधा नियुक्ती भएको मितिदेखि लागु हुनेछ।

(२) मुख्य न्यायाधिवक्तालाई उपलब्ध गराएको सवारी साधनको मर्मत एवं सम्भार प्रदेश सरकारको तर्फबाट हुनेछ ।

(३) मुख्य न्यायाधिवक्तालाई दिएको पेट्रोल र डिजेलको बील पेश गर्नु पर्ने छैन ।

(४) मुख्य न्यायाधिवक्ताले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा वा नीजको मृत्यु भएमा वा कुनै कारणबाट निजले पदबाट अवकाश पाएमा निजलाई आफ्नो पदमा कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक दिइनेछ ।

(५) मुख्य न्यायाधिवक्तालाई आवासको निमित्त प्रदेश सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ । त्यस्तो घरको मर्मतसम्भार प्रदेश सरकारले गर्नेछ । आवासका लागि त्यस्तो घरको बन्दोबस्त नभएमा वा आफ्नो उपर्युक्त घर नभई भाडामा लिनु परेमा निजलाई घरभाडा वापत अनुसूचि -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(६) मुख्य न्यायाधिक्ता पदीय कामको सिलसिलामा दुर्घटनामा परी निजको दुर्घटना भै अंगभंग भै वा चोटपटक लागी अशक्त भएको अवस्थामा उपर्युक्त उपचार खर्च तथा आर्थिक सहायता प्रदेश सरकारले दिन सक्नेछ ।

(७) "उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७४" बमोजिम प्राप्त हुने पारिश्रमिक सुविधा तथा अन्य सुविधा संघीय कानून संशोधन भएमा यस ऐनको अनुसूची – १ बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा स्वतः संशोधन भै लागू भएको मानिनेछ । साथै प्रदेश सरकारले समय समयमा मुख्य न्यायाधिवक्ताको सुविधामा थप वा बृद्धि गर्न सक्नेछ ।

१४. <u>बिदा:</u> (१) मुख्य न्यायाधिवक्ताले "उच्च अदालतका न्यायाधीशको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७४" को दफा १५, १६, १७, १८, १९, २०, २१, २१क. मा उल्लेख भए बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको बिदा पाउनेछ ।

(२) मुख्य न्यायाधिवक्ताले भैपरी बिदा र पर्व बिदा आफैंले स्वीकृत गरी लिन सक्नेछ ।

(३) मुख्य न्यायाधिवक्ताको अन्य बिदा मुख्यमन्त्रीबाट स्वीकृत हुनेछ ।

